प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह
Inspector General of Police Dhiraj Pratap Singh
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौँ, नेपाल ।
Police Headquarters,
Naxal, Kathmandu, Nepal

## शुभकामना

६७ औं प्रहरी दिवस, २०७९ को पावन अवसरमा देशभित्र तथा विभिन्न तालिम एवम् संयुक्त राष्ट्रसंघीय मिशनहरूमा विदेशमा खटिएका नेपाल प्रहरीका सकल दर्जाका प्रहरी कर्मचारीहरू, सेवानिवृत्त प्रहरी कर्मचारीहरू र अमर प्रहरीका परिवारजनमा व्यावसायिक सफलता, व्यक्तिगत तथा पारिवारिक सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

राष्ट्र र नागरिकको सुरक्षार्थ आफ्नो प्राण उत्सर्ग गर्नुहुने वीरात्माहरुलाई नेपाल प्रहरीको विधिवत् स्थापना भएको आजको दिनमा स्मरण गर्न चाहन्छु । विभिन्न जोखिमका बीच विषम् एवं चुनौतीपूर्ण घडीमा आफ्नो कर्तव्य प्रति किञ्चित विचलित नभई अमर सपूतहरूले विभिन्न कालखण्डमा गर्नुभएको वलिदानीबाट नै नेपाल प्रहरीले आजको स्वरुप र आकार ग्रहण गर्न सकेको हो, हामीले नेपाल प्रहरीको सदस्य भएकोमा गौरव गर्न सकेका हौं । प्रहरी दिवसको दिन प्रातः स्मरणीय वीर अमर प्रहरी प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्ना प्रियजनलाई गुमाएर अपूरणीय क्षति व्यहोर्नु भएका अमर परिवारका समादरणीय परिवारजनमा संगठनको तर्फबाट गहिरो समवेदना प्रकट गर्दछु । कर्तव्य पालनाका क्रममा अस्वस्थ हुनुभएका प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

दीर्घसेवा मार्फत संगठनको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउनु भएका सेवानिवृत्त अग्रजहरु प्रति यसै अवसरमा कृतज्ञता व्यक्त गर्दछु । संगठनको गति र उन्नतिमा अग्रजहरुबाट सदा झैं अमूल्य सल्लाह, सुझाव प्राप्त भइरहने अपेक्षा गर्दछु ।

प्रहरी प्रति जनताको अपेक्षाको बढोत्तरीसँगै हर चुनौतीलाई अवसरमा बदल्न सक्षम प्रहरी आजको आवश्यकता हो । यो आवश्यकताको पूर्तिको लागि परम्परागत पद्धतिलाई अक्षुण्ण राख्दै प्रविधिसँग प्रभावकारी मिश्रण गरी छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु पर्दछ । विकसित घटनाक्रमसँग अद्यावधिक भई त्यसको प्रभावबाट पर्नसक्ने असरहरूको पूर्वआँकलन गरी क्षतिलाई निस्तेज तथा न्यूनीकरण गर्नसक्ने गरी स्रोत-साधनबाट सुसज्जित प्रहरी र उच्चस्तरीय तालिम संगठनको प्राथमिकतामा रहेको छ । हामीले केही वर्षदेखि योजनाबद्ध भएर लक्ष्य निर्धारण सहितको कार्यसम्पादनमा केन्द्रित हुने प्रणालीको थालनी गरेका छौं । यसले उपलब्धिमा बढोत्तरी हुनुका साथै लक्ष्य प्राप्तिमा सकारात्मक संकेत देखाइसकेको छ ।

अन्तमा, प्रहरी दिवसको यस अवसरमा आपसी भाइचारालाई अक्षुण्ण राख्दै एकवद्ध भई राष्ट्र र नागरिकको सेवा गर्ने नेपाल प्रहरीलाई सुम्पिएको गहन जिम्मेवारी अझ व्यावसायिक एवं दृढ संकल्पित भएर निर्वाह गर्ने प्रेरणा मिलोस्, यही शुभकामना व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद, जय नेपाल !**

२०७९ असोज ३१ गते ।

प्रहरी महानिरीक्षक
(धिरज प्रताप सिंह)

पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: dhirajpratap2@gmail.com/phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ।